**Tribhuvan University Journal**
**Vol. 33, No. 2: 223-232, December, 2019**
**Centre for Research, Tribhuvan University,**
**Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/tuj.v33i2.33653

# एउटा छर्लङ्ग प्रेमकथामा नारीवादी स्वर

*त्रिभुवन बरई**

** उपप्राध्यापक, नेपाली, भैरहवा बहुमुखी क्याम्पस, भैरहवा, त्रिवि*

## लेखसार

प्रस्तुत लेखमा भवानी भिक्षुद्वारा लिखित 'एउटा छर्लङ्ग प्रेमकथा' को नारीवादी समालोचना सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । उत्तरआधुनिकतावादसँग निकट सम्बन्ध राख्ने तथा सन् १९६० पछि स्थापित भएको नारीवाद नारीहरूको हक, अधिकार, स्वतन्त्रता, समानता, स्वाभिमान र अस्तित्वको पक्षमा आवाज उठाउने एक प्रकारको समालोचाना सिद्धान्तसँग सम्बन्धित छ । प्रस्तुत सन्दर्भमा नारीवादको सामान्य चिनारी दिँदै नारीवादका प्रमुख मान्यताका साथै कृति विश्लेषणका नारीवादी आधारहरूको समेत निर्धारण गरिएको छ । कथामा वर्णित कार्यव्यापार र घटित घटनाहरूको सापेक्षतामा मूल्याङ्कन गर्दा तिब्बती समाजमा नारीहरूलाई पुरुषजस्तै हक, अधिकार, स्वतन्त्रता प्राप्त भएको पाइन्छ भने नारीहरूको मनोविज्ञान र मनोबल पनि अत्यन्त उच्च रहेको देखिन्छ । साथै उक्त समाजमा नारीहरूको विरुद्धमा गरिने हरेक क्रियाकलाप र व्यवहारका सन्दर्भमा तिब्बती नारीहरू अत्यन्त सचेतता, सावधानी र संवेदनशीलताका साथ प्रतिरोध गर्ने वातावरण रहेको तथा सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था पनि नारीहरूको अनुकूल रहेको निष्कर्ष निकालिएको छ ।

**मूल शब्दावली :** नारीवाद - अधीनस्थता - सत्ता - प्रतिनिधित्व - पहिचान र संस्कृति ।

## विषयपरिचय

साहित्य मानवजीवनको एउटा महत्त्वपूर्ण पाटो हो । यसमा कतै अभिजात वर्गलाई स्थान दिइएको पाइन्छ भने कतै सभ्य, अनुशासित कहलिएका वा शक्तिमा रहेका जातजातिलाई समेत स्थान दिइएको पाइन्छ । यस्ता स्थापित केन्द्र वा मान्यताका विरुद्धमा पाश्चात्य साहित्यिक परिवृत्तमा सन् १९६० को दशकबाट थालिएको उत्तरआधुनिकतावादले पुराना केन्द्रहरूलाई भत्काउँदै साहित्यमा स्थान नपाएका वर्ग, समुदाय, जातजाति आदिको पक्षमा आवाज उठाउन थालेपछि विभिन्न प्रकारका लेखन तथा विचारधाराको मार्ग प्रशस्त भएको पाइन्छ । यसले वर्चस्वशाली वर्ग वा समुदायको भन्दा स्थान नपाएका वर्ग, समुदाय वा अन्य (Other) को पक्षमा आवाज उठाउने उद्घोष गरेपछि पहिचान र स्थानीयताको मुद्दा टड्कारो रूपमा देखिन थालेपछि सदियौँदेखि उपेक्षा, बहिष्कार, उत्पीडन, अन्याय, अत्याचार, शोषण, दमन, विभेद र थिचोमिचोमा पारिएका महिलाहरूको अधिकार र उन्मुक्तिका लागि

पाश्चात्य जगत्बाट एक प्रकारको नारीमुक्ति आन्दोलनको थालनी हुन्छ, जसलाई नारीवाद भनिन्छ । भवानी भिक्षु नेपाली कथासाहित्यका क्षेत्रमा स्वच्छन्दतावादी र मनोवैज्ञानिक कथाकारका रूपमा प्रख्यात रहेका छन् । यिनको एउटा महत्त्वपूर्ण कथासङ्ग्रह *अवान्तर*मा पहिलो कथाका रूपमा सङ्गृहीत 'एउटा छर्लङ्ग प्रेमकथा' लाई नारीवादी कोणबाट अध्ययन विश्लेषण गर्ने प्रचेष्टा यहाँ गरिएको छ । प्रस्तुत कृतिमा नारीवादी स्वर के कसरी अभिव्यक्त भएको छ भन्ने कुराको अध्ययन गर्नु नै यसको मुख्य ध्येय हो । प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्री पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ । पुस्तकालयीय कार्यअन्तर्गत पनि प्राथमिक स्रोतका रूपमा विवेच्य कति 'एउटा छर्लङ्ग प्रेमकथा' रहेको छ भने नारीवादका मूलभूत मान्यता र सैद्धान्तिक आधार पहिल्याउनका लागि द्वितीयक स्रोतका रूपमा विभिन्न लेख, पुस्तक आदिलाई उपयोगमा ल्याइएको छ । भवानी भिक्षुको 'एउटा छर्लङ्ग प्रेमकथा' मा आधारित भई प्रस्तुत सन्दर्भमा नारीवादी समालोचनाका सैद्धान्तिक आधारलाई केन्द्र बनाई विश्लेषण गर्नुलाई यस अध्ययनको सीमा निर्धारण गरिएको छ ।

## नारीवादका मूलभूत मान्यता र कृतिविश्लेषणका आधार

अङ्ग्रेजी भाषाको 'फेमेनिज्म' को समानार्थी शब्दका रूपमा नेपालीमा व्यवहृत रहेको नारीवादले नारीलाई पुरुषसरह अधिकार, सुविधा र अवसर प्राप्त हुनुपर्ने सिद्धान्तलाई बोध गराउँछ । रथरूपी मानवजीवनलाई अगाडि बढाउने कार्यमा महिला र पुरुषको समान हैसियत रहे पनि हक, अधिकार तथा अवसरका दृष्टिले पुरुष धेरै अगाडि र महिला धेरै पछाडि रहेको पाइन्छ । महिलालाई भोग्याका रूपमा हेर्ने पुरुषको स्वार्थी, आडम्बरी र अवसरवादी प्रवृत्ति तथा पितृसत्ता, जनचेतनाको अभाव, अशिक्षा, राजनीतिक अदूरदर्शिता, सामाजिक, सांस्कृतिक परिबन्द लगायतका कारणहरूले गर्दा युगौँदेखि महिलाहरूले हरेक क्षेत्रमा उचित स्थान र सम्मान प्राप्त गर्न सकेनन् । यिनै पृष्ठभूमिमा आधारित भएर महिलाहरूको हक, अधिकार एवम् स्वतन्त्रताका विषयमा आवाज उठाउँदै नारीहरूको पक्षमा उठान गरिएको समालोचना सिद्धान्तको नाम हो नारीवाद (बराल, २०६४, पृ. ६३-६४)। साहित्यिक कृतिको विश्लेषण र मूल्याङ्कन गर्नका लागि विकसित एक प्रकारको समालोचना पद्धतिका रूपमा नारीवाद रहेको छ (अब्राम्स, सन् २००५,पृ. ९४) । पाश्चात्य जगत्मा नारी उन्मुक्तिको प्रयास धेरै पहिलादेखि गरिए तापनि यसको सुरुवात अठारौँ शताब्दीको अन्त्यतिर भएको हो (शर्मा र लुइटेल, २०६१, पृ. ३७२) । प्रसिद्ध लेखिका सिमोन द बुवाको *The second sex* (सन् १९४९) को प्रकाशनमार्फत् उचाइ प्राप्त गरेको नारीवादी आन्दोलनले सन् १९६० को दशकमा चलेको विश्वव्यापी नारीमुक्ति आन्दोलनबाट थप सशक्तता प्राप्त गरेको देखिन्छ (एटम, २०७०, पृ. १६८) । प्रसिद्ध चिन्तक तथा दार्शनिकहरू एरिस्टोटल, सेन्ट टमस, एक्विनस, सिग्मन्ड फ्रायड जस्ता व्यक्तिहरूले पुरुषलाई श्रेष्ठ मान्दै महिलालाई कमजोर देखाएकोमा नारीवादीहरूले असन्तुष्टि जनाउँदै यसो हुनुको कारक तत्त्वमा सामाजिक व्यवस्थालाई जिम्मेवार ठहऱ्याएका छन् (शर्मा र लुइटेल, २०६१, पृ. ३७२) । यति मात्र होइन विश्वमै शक्तिशाली कहलिएका र शैक्षिक जगत् लगायत अन्य क्षेत्रमा समेत ठूलो उपलब्धि हासिल गरेका अमेरिका र बेलायतले क्रमशः १९२० र १९२८ मा नारीहरूलाई मताधिकार

प्रदान गरेको पाइन्छ (गौतम, २०५९, पृ. ३६८-३६९) । सत्ता र शक्तिको केन्द्रमा रहेको वर्चस्वशाली पुरुषीय सत्तार शक्तिभन्दा बाहिर रही पुरुषको अधीनस्थ भई जीवनयापन गर्ने शासित तथा अन्य (सीमान्तीय) का रूपमा रहेका महिलाहरूको स्वाभिमान, अस्तित्व, हक, अधिकार र समानताका पक्षमा आवाज उठाउने भएकाले नारीवादी समालोचना सांस्कृतिक अध्ययनको समीप देखिन्छ ।

शर्मा र लुइटेलले नारीवादी समालोचनाका प्रमुख मान्यताहरूमा पितृसत्तात्मकताको विरोध गरी नारीलाई पुरुषको थिचोमिचोबाट मुक्ति दिलाउनका लागि मार्ग प्रशस्त गर्नु, पुरुषीय मूल्यमान्यता र सौन्दर्यशास्त्रको अनुकरणभन्दा नारीहरूको आफ्नै प्रकारको संसार रहेको तथ्य अघि सार्नु, नारीहरूका, पृथक् प्रकारका अनुभव, विषय, शिल्पशैली, संरचना, रूप रहेको दृष्टिकोण अभिव्यक्त गर्नु, नारीहरूको आफ्नै प्रकारको शब्दचयन, वाक्यगठन र अभिव्यक्ति रहेको तर्क उभ्याउनु, मार्क्सवाद, मनोविश्लेषणवाद, उत्तरसंरचनावाद, विनिर्माणवाद आदिसँग घनिष्ट सम्बन्ध राखी लिङ्गीय आधारमा गरिने भेदभावको अन्त्य तथा समानताको खोजी गर्नुलाई राखेका छन् (शर्मा र लुइटेल, २०६१, पृ. ३७७) भने बराल र एटमले नारीका पक्षमा दृष्टिकोण बनाई त्यसको सफल प्रस्तुति दिनु, पुरुषपीडित नारी मानसिकतालाई उठाउन प्रेरणा र सहयोग प्रदान गर्नु, पुलिङ्गकेन्द्रीवाद रचनालाई स्त्रीलिङ्गकेन्द्री बनाउनु, नारीमा दबिएर बसेका रूढि तथा अनावश्यक संस्कारका भण्डारहरू रित्त्याउनुपर्नेमा जोड दिनु, नारीलाई समान अवसर र आर्थिक सबलता प्रदान गर्ने कुरामा जोड दिनु, पितृसत्तात्मक मानसिकताका विरुद्ध विद्रोह र आक्रोश निकाल्नु, नारीको आत्मसम्मानको पक्षमा आवाज उठाउनुलाई नारीवादी साहित्य र समालोचनाका मूलभूत मान्यताका रूपमा उल्लेख गरेका छन् (बराल र एटम, २०६६, पृ. ११८) । डायन एलमले नारीसम्बन्धी सोचलाई एकल र अविभाजित अधीनतमा ल्याउन नसकिने मान्यता अघि सारेका छन् (गौतम, २०६४, पृ.११८)। यस किसिमबाट नारीवादले नारी अधिकार, समानता, स्वतन्त्रता र स्वाभिमानका पक्षमा आवाज उठाउनु, पितृसत्ताका विरुद्धमा आवाज उठाई नारीसत्ताको स्थापना गर्न खोज्नु, नारीहरू पनि सशक्त, प्रतिभाशाली, विद्रोही र क्रान्तिकारी हुने तर्क अघि सार्नु, नारीहरूका विरुद्धमा गरिने हरेक प्रकारका गतिविधि र क्रियाकलापको भण्डाफोर गर्ने कुरामा जोड दिनु, नारीलाई निरीह, कमजोर र हीन देखाउने कुनै पनि संस्कार, परम्परा, चलनचल्ती, संस्कृति आदिको भण्डाफोर गर्नु आदिलाई अवलम्बन गरेको पाइन्छ ।यसरी विभिन्न देश र भाषा हुँदै अघि बढिरहेको नारीवादी समालोचना नेपाली भाषासाहित्यका क्षेत्रमा २०४७ सालमा *गरिमा* पत्रिकामा प्रकाशित कृष्ण गौतमको ‘पारिजातः मैले नजन्माएको छोरो कथामा’ शीर्षक लेखबाट प्रविष्टि पाएको देखिन्छ (एटम, २०७४, पृ. १३२) ।

कुनै पनि कृतिको नारीवादी कोणबाट विश्लेषण गर्दा निश्चित आधारहरूको निर्धारण गर्नुपर्दछ । यस सन्दर्भमा समालोचक ताराकान्त पाण्डेयद्वारा नारीवादी र जातीय कोणबाट गरिएको ‘साल्गीको बलात्कृत आँसु कथाको बहुसांस्कृतिक अध्ययन’ शीर्षक लेखमा कथावस्तु र शीर्षकीय सन्दर्भ, प्रतिनिधित्वको सन्दर्भ र जातीय सांस्कृतिक परिवेश, वर्गीय

सामाजिक संरचना र चेलीबेटी बेचबिखनको संस्कृति, लैङ्गिक उत्पीडन र शक्तिविहीनताले निर्माण गरेको महिलाको विद्रूप पहिचान, प्रतिरोधचेत र परपीडनबाट उन्मुक्तिको चाहनाः ज्ञान र शक्तितिरको उन्मुखतालाई विश्लेषणका आधार बनाइएका छन् (पाण्डेय, २०७३, पृ. ९२-१०१) भने *सङ्क्षिप्त साहित्यिक शब्दकोश* नामक पुस्तकमा नारीवादी कोणबाट कृतिको विश्लेषण गर्दा नारी र पुरुष भन्ने लिङ्ग (सेक्स) को निर्धारण जीववैज्ञानिक आधारमा हुने तर मर्दाना र जनाना भन्ने लैङ्गिकता (जेन्डर) को निर्धारण समाजले गर्ने, कृतिमा लैङ्गिकता र लैङ्गिकताप्रतिको सामाजिक दृष्टिकोण प्रतिबिम्बित भए नभएको तथा नारीवादी परिप्रेक्ष्यमा लैङ्गिकता, जाति, भाषा, वर्ग आदिका सामाजिक अवधारणाहरूलाई प्रभाव पार्ने सामर्थ्य निहित रहने कुराहरूलाई आधार बनाउनु पर्नेमा जोड छ (एटम, २०७४, पृ. १३१) । यसैगरी रजनी ढकालले 'योगमाया उपन्यासमा नारीवादी चेतना' शीर्षक लेखमा उदारवादी नारीवादका कोणबाट गरिएको विश्लेषणमा पितृसत्ता, नारी दमन र शोषणको चित्रण, नारी अधिकार र स्वतन्त्रताको अभिव्यक्ति, नारीसशक्तीकरणको चित्रण, नारी पीडा र भोगाइ, परिवर्तनको संवाहकका रूपमा नारी र मातृत्व चेतनालाई आधार बनाएकी छन् (ढकाल, २०७०, पृ. १७८-१९८) । यस्तै प्रकारले ज्ञानु अधिकारीद्वारा लिखित 'समकालीन नेपाली नारी कथामा नारीवादी प्रवृत्ति' शीर्षक लेखमा नारीवादी अस्तित्वको खोजी, नारीहरूका वैयक्तिक अनुभूति, पीडा, कुण्ठा र भोगाइको अभिव्यक्ति, मातृत्वचेतना, पितृसत्ताको विरोध र परम्पराप्रति तीव्र विद्रोह जस्ता नारीवादी प्रवृत्ति पहिल्याउने आधारहरूको निरूपण गरिएको छ (अधिकारी, २०७०, पृ. २६४-२७८) ।प्रस्तुत सन्दर्भमा कथानक र शीर्षकीय सन्दर्भ, प्रतिनिधित्वको सन्दर्भ, प्रतिरोधचेत र उन्मुक्तिको चाहनाः ज्ञान र शक्तितिरको उन्मुखता, नारी अधिकार, स्वतन्त्रता र स्वाभिमान, पितृसत्ताको समानान्तरतामा नारी सत्ताको स्थापना तथा सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थालाई प्रमुख आधार बनाई भवानी भिक्षुद्वारा लिखित 'एउटा छर्लङ्ग प्रेमकथा' लाई विश्लेषण गरिएको छ ।

### कृतिविश्लेषण

निर्धारित विश्लेषणका आधारमा प्रस्तुत कथालाई निम्नानुसार अध्ययन गरिएको छ -

## कथानक र शीर्षकीय सन्दर्भ

यौन मनोवैज्ञानिक विषयवस्तुमा लेखिएको 'एउटा छर्लङ्ग प्रेमकथा' शीर्षक कथाको कथानक र शीर्षकीकरण दुवैमा याङ्ग्जीको अहम् भूमिका रहेको पाइन्छ । तिब्बती युवती याङ्ग्जीले तिब्बती युवक योन्देन र नेपाली युवक अनङ्गसित गरेकी प्रेमको अवस्थालाई बोध गराउने प्रस्तुत कृतिको शीर्षकीकरणको केन्द्रीय आधारका रूपमा याङ्ग्जी नै आएकी छन् । याङ्ग्जीले पहिला योन्देनलाई प्रेमी र पति बनाएकी छन् भने पछि अनङ्गबाट प्रभावित भई बिना कुनै हिचकिचाहट पहिलो पतिसँग नाता तोड्दै दोस्रो पतिका रूपमा अनङ्गलाई रोज्न पुगेकी छन् । उनले जसलाई प्रेम गरे पनि स्पष्ट रूपमा गरेकी छन् । शीर्षकले एकातिर यस कुरालाई बुझाउँछ भने अर्कोतिर याङ्ग्जी, योन्देन र अनङ्गबीचको

प्रेमको एउटा कथा भएको कुरालाई पनि बोध गराएको देखिन्छ । बालपात्रलाई समेत आधार मान्दा शीर्षकको केन्द्रमा याङ्ग्जी नै देखिन्छिन् ।

जीवनको चरमतुष्टिमा केन्द्रित रहेको प्रस्तुत कथाको कथानकले पुरुषीय पात्र द्वय योन्देन र अनङ्गभन्दा नारीपात्र याङ्ग्जीलाई नै केन्द्रविन्दु र मियो बनाएर फन्को मारेको देखिन्छ । याङ्ग्जीको रूपसौन्दर्य देखेर आकर्षित भएको योन्देन उनका पछाडि लाग्नु, दुवैमा प्रेम हुनु, दुवै वैवाहिक बन्धनमा बाधिन पुग्नु, एउटा छोराको पनि जन्म भई दाम्पत्य जीवन अत्यन्त सुखद र आनन्दमय किसिमले बितिरहेको अवस्थामा नेपाली युवक अनङ्गको प्रवेश हुनु, अनङ्गप्रति याङ्ग्जी आकर्षित हुन थाल्नु, पति योन्देनले सचेत गराउँदागराउँदै पनि एक दिन एकान्त ठाउँमा संयोगवश याङ्ग्जीले अनङ्गलाई भेट्नु, अनङ्गमाथि जाइलाग्नु, अनङ्गले आफूलाई याङ्ग्जीबाट जोगाउन हरसम्भव प्रयास गरे पनि सफल नहुनु, परिणामतः याङ्ग्जी र अनङ्गकाबीचमा प्रेम भई अन्ततः तिब्बतीय चलनअनुसार दुवैको विवाह हुनु, याङ्ग्जी अनङ्गकी पत्नी भएर पनि पूर्व पति योन्देनसँग भेट हुँदा बोल्ने, आफूलाई लागेका कुराहरू सोध्ने लगायतका क्रियाकलापलाई निरन्तरता दिइरहनु यस कथाको सङ्क्षिप्त कथानक हो । यसै कथानकलाई हेर्दा प्रस्तुत कथाको कथानक निर्माणमा याङ्ग्जीको वैयक्तिक चरित्र, कार्यव्यापार, जीवनपद्धति, निर्णय र निजी प्रकारको धारणाले सर्वाधिक भूमिका खेलेको देखिन्छ । यस किसिमबाट लेखकले आफ्ना कृतिका माध्यमबाट समाज रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्ने कुरो उल्लेख (बराल, २०७३,पृ.२४०) भएजस्तै भिक्षुले प्रस्तुत कथाको कथानक निर्माण र शीर्षकीकरणमा नारीलाई बढी भूमिका प्रदान गरी नारीवादको पक्षमा आफूलाई उभ्याएका छन् ।

## प्रतिनिधित्वको सन्दर्भ

कुनै पनि साहित्यिक कृतिमा महिला र पुरुषमध्ये कुन पक्ष केन्द्रमा छ वा कुन पक्षले बढी भूमिका र कुन पक्षले कम भूमिका निर्वाह गरेको छ भन्ने कुराहरूलाई अवलम्बन गर्दै लेखकको नारीप्रतिको दृष्टिकोणको निरूपण गर्न सकिन्छ । सदियौँदेखि सीमान्तकृतका रूपमा रहेका नारीहरूलाई लेखकले आफ्ना कृतिमा बढी भूमिका प्रदान गरी सशक्त प्रतिनिधित्व गराउनुपर्दछ (श्रेष्ठ, २०६८, पृ. ७-१०) । यस कुरालाई आत्मसात् गर्दा प्रस्तुत कथामा याङ्ग्जी, योन्देन, अनङ्ग, योन्देनको छोरा र 'म' पात्र गरी जम्मा पाँच पात्रको उपस्थिति देखिन्छ । सङ्ख्यात्मक रूपमा हेर्दा चार जना पुरुष पात्रहरूको प्रयोग गरिएको प्रस्तुत कथामा एक मात्र नारी पात्रको उपस्थिति देखिन्छ । 'म' पात्र सुरुमा टुप्लुक्क देखिई समाख्याताको भूमिका निर्वाह गरेका छन् भने योन्देनको छोरा गौण र नेपथ्यीय पात्रका रूपमा कथामा आएका छन् । यसैगरी अर्का पात्र योन्देन कथाको आरम्भमा याङ्ग्जीलाई आफूतर्फ आकर्षित गरे पनि सदैव आफूलाई पहिलेकै अवस्थामा राख्न नसकी याङ्ग्जीको जीवनबाट अलग्गिई नैराश्यपूर्ण जीवन बिताउन बाध्य भएका छन् र कथामा उनी सहायक पुरुषपात्रको भूमिकामा मात्र सीमित हुन पुगेका छन् । यसैगरी यस कथाका अर्का पुरुषपात्र अनङ्गले सुरुमा याङ्ग्जीबाट आफूलाई बचाउन नाटक गरे पनि अन्ततः उनी पनि याङ्ग्जीसँगै दाम्पत्यजीवनमा आबद्ध हुन पुग्दछन् र कथामा सहायक

पुरुष पात्रकै रूपमा देखापर्दछन् । सहभागीहरूको सङ्ख्यात्मक अवस्थालाई हेर्दा चार जना पुरुष पात्र र एक महिला पात्रको उपस्थिति देखिए पनि भूमिका वा कार्यव्यापारमा महिला पात्र याङ्ग्जीकै सर्वोपरि स्थान देखिन्छ । प्रमुख, बद्ध, मञ्चीय, गतिशील, शिक्षित, केन्द्रीय, दृष्टिविन्दु लगायतका चारित्रिक विशेषता बोकेकी याङ्ग्जीकै माध्यमबाट कथाकार भिक्षुले अतृप्त कामवासनार यसका कारणबाट सिर्जित हुन सक्ने परिस्थिति वा अवस्थालाई समेत पाठकसमक्ष पुऱ्याउन खोजेका छन् ।

## प्रतिरोध चेत र उन्मुक्तिको चाहनाः ज्ञान र शक्तितिरको उन्मुखता

नारीवाद पहिचान गर्ने अर्को मूल आधार भनेको प्रतिरोध चेत र उन्मुक्तिको चाहनाः ज्ञान र शक्तितिरको उन्मुखता हो । नारीवादी कृति विश्लेषण गर्दा कृतिमा आएका नारीपात्रहरूमा प्रतिरोध चेत र उन्मुक्तिको चाहना छ कि छैन वा उनीहरूको सांसारिक ज्ञानको अवस्था कस्तो छ? उनीहरूको शक्ति आर्जन र प्रदर्शनको स्थिति कस्तो छ भन्ने कुराहरूलाई खोतल्ने प्रयास गर्नुपर्दछ । सचेत नारीहरू त पुरुषका गतिविधि आफूविरोधी भए उसको विपक्षमा लाग्ने गर्दछन् (जैन, सन् २०००, पृ. ११५) । यसैगरी नारीहरू विद्रोह र स्वतन्त्रताको प्रतीक पनि बन्न सक्छन् (उप्रेती, २०६९, पृ. २३७)।  शिक्षा प्राप्त गरी प्रतिरोध, उन्मुक्ति, ज्ञान र शक्तिको आशय बुझेकी याङ्ग्जी पुरुषको नियन्त्रण, अधीनता र हस्तक्षेपलाई स्वीकार गर्दिनन् । योन्देनसँगको दाम्पत्यजीवनमा बाधिएकी याङ्ग्जी श्रीमान्को इच्छाविपरीतको क्रियाकलाप र व्यवहार देखाई उसलाई आफू शक्तिशाली भएकी, आफू श्रीमान्को नियन्त्रण स्वीकार नगर्ने परिस्थितिको बारम्बार सिर्जना गरिरहने कुरालाई यी कथांशले पनि प्रमाणित गर्दछन् - "त्यो सधैँभरि उत्फुल्ल हरबखत सबैसित ख्याल ठट्टा गर्ने, लोग्नेलाई पनि जिस्क्याउने र कहाँसम्म भने लोग्नेले नरुचाउने काम कुरो पनि कहिलेकाहीँ, अरू नभए उसलाई क्रुद्ध पार्ने भनी ऊ छौड्दैनथी" (भिक्षु, २०३४, पृ. २)। लोग्नेलाई पाच्य नहुने कुरा सुनाएर कुनै पनि बेला लोग्नेको विरुद्धमा उभिन सक्ने परिस्थितिको पहिलादेखि नै उनले निर्माण गरिरहेकी कुरालाई उक्त कथांशले पुष्टि गरेको छ । परपुरुष अनङ्गप्रति पत्नी याङ्ग्जी आकर्षित भई अघि बढिरहेकी तथा आफ्नो दाम्पत्यजीवनमा बाधा आउन सक्ने आशङ्कामा बाँचिरहेको योन्देन अन्ततः याङ्ग्जीलाई एक दिन आफ्नो पुरुष सत्ताको आडमा निकालेको हस्तक्षेपकारी वचन र तत्पश्चात् पत्नी याङ्ग्जीको मुखबाट मुखरित यी कथांशले याङ्ग्जीभित्रको प्रतिरोध चेत र उन्मुक्तिः ज्ञान र शक्तितिरको उन्मुखतालाई प्रस्ट पार्दछन् -

> सह्न नसकेर अन्ततः एक दिन उसले भन्यो नै, 'यो के गरेकी, अर्कालाई अनाहकमा जिस्क्याइराख्नु त भएन । रिसाएर उसले केही गऱ्यो भने के गर्ने?' कुरा सुनेर याङ्ग्जी हाँसी; 'किन नगर्नु, कसैले के गर्न सक्छ? अझै जिस्क्याउँदा ऊ झन् मुर्मुरिनेछ', बेमतलबको उत्तर थियो । तर बाहियातै भए पनि याङ्ग्जीले उत्तर फर्काएर योन्देनको मुख थुनिदिइँ  (भिक्षु, २०३४, पृ. ३) ।

प्रस्तुत कथांशका माध्यमबाट योन्देनले आदर्श, नैतिकता र सामाजिक सम्मानलाई आफ्नो पितृसत्ता वा पुरुषीय शक्तिको वैचारिक आधार खडा गर्दै अप्रत्यक्ष ढङ्गबाट श्रीमती

याङ्ग्जीमाथि नियन्त्रण र बन्देज लगाउन खोजेको देखिन्छ । योन्देनको अभिव्यक्तिको आशय तत्कालै बुझी स्वतःस्फूर्त रूपमा जवाफ दिन पुगेकी याङ्ग्जीको अभिव्यक्तिले नारीहरू आफूले चाहेको काम गर्न स्वतन्त्र छन्; उनीहरूलाई पुरुषीय नियन्त्रण स्वीकार्य छैन भन्ने कुराको पनि जानकारी गराउँछ । तसर्थ प्रस्तुत कथाले नारीलाई सशक्त भूमिका प्रदान गरी उनीहरूमा रहेको प्रतिरोध चेतना र उन्मुक्तिको चाहनालाई स्पष्ट पार्न खोजेको छ ।

## नारी अधिकार, स्वतन्त्रता र स्वाभिमान

अधिकार, स्वतन्त्रता र स्वाभिमान हरेक वर्ग र समुदायका लागि आधारभूत आवश्यकता हुन् । यसको सम्बन्ध मान्छेको अस्तित्व र पहिचानसँग गाँसिएको हुन्छ । नारीले आफ्नो अस्तित्वको अधिकार प्राप्त गर्नका लागि विद्रोहको हिम्मत गर्नुपर्दछ (पाण्डे,२०६९, पृ. १४१) । यसका साथै दमित रूपमा रहेको यौनेच्छालाई नैसर्गिक रूपमा निकास दिनुपर्दछ (गौतम, २०७१, पृ.११७) । प्रस्तुत विवेच्य कृतिले नारी अधिकार, स्वतन्त्रता र स्वाभिमानलाई बढी प्राथमिकता दिएको छ। तिब्बतीय भूमिमा नारीहरूको विशेष अधिकार भएको, उनीहरूलाई प्रेमी छान्ने, पति रोज्ने, सम्बन्ध विच्छेद गर्ने, अर्को विवाह गर्ने, दमित यौनेच्छाको पूर्ति गर्ने, आफ्नो जीवन स्वतन्त्र रूपमा बाँच्न पाउने लगायतका अधिकार प्राप्त भएको कुरालाई उक्त कथामा वर्णन गरिएको छ, जस्तैः याङ्ग्जीले अनङ्गलाई छोडिन र ऊ त्यहाँका सामाजिक चलनअनुसार सहजै उसकी पत्नी भई । याङ्ग्जीको छोरो चाहिँ योन्देनको फाँटमा पऱ्यो र यस नयाँ बन्दोबस्तमा कुनै पनि बाधा कुनै पक्षबाट उपस्थित हुने कुरै उठेन (भिक्षु, २०३४, पृ. ५) ।

योन्देनसँगको दाम्पत्य जीवन सुखी र सुलभ तथा जैविक आवश्यकताको परिपूर्ति हुन नसक्ने अवस्थाको अनुभूत गरी अघि बढेकी याङ्ग्जीले नवयुवक अनङ्गलाई आकर्षित गर्दै पति वरण गरेकी कुरालाई प्रस्तुत कथांशले एकातिर बोध गराएको छ भने अर्कोतिर योन्देन र योन्देनका छोरा आफ्नै किसिमले जीवन जिउने परिस्थितिको निर्माण गरेको तथा एकले अर्काको वैयक्तिक जीवनलाई आरोपप्रत्यारोप वा आक्षेप लगाउने छुट महिला र पुरुष कसैलाई नभएको तिब्बतीय सामाजिक प्रचलन रहेको तथ्यलाई बोध गराएको छ । साथै, उक्त कथाले पछि पनि याङ्ग्जीले अरू पुरुषहरूसित पनि शारीरिक वा मानसिक सम्पर्क गर्न सक्ने तथा पुरुषहरू पनि अर्को विवाह गर्न सक्ने सन्दर्भको उल्लेख गर्दै तिब्बती समाजमा पुरुष र महिलाका बीचमा समानता रहेको, महिलालाई आफ्नै ढङ्गले जीवन व्यतीत गर्ने, स्वतन्त्र ढङ्गले अगाडि बढ्ने तथा स्वाभिमानलाई कायम गर्ने बलियो परिवेश र परिस्थिति रहेको कुरालाई समेत व्यक्त गर्न पुगेको छ । यसर्थ तिब्बती समाजमा नारीहरू आफ्नो ढङ्गले जीवनयापन गर्न सक्ने, पुरुषको नियन्त्रणमा बस्न नपर्ने र हरेक निर्णय आफ्नो विवेकले गर्न पाउने सन्दर्भले नारी अधिकार, स्वतन्त्रता र स्वाभिमानको कुरालाई प्रस्तुत कथाले स्पष्ट पारेको छ ।

## पितृसत्ताको समानान्तरतामा नारीसत्ताको स्थापना

समाजमा पितृसत्ताको स्थापनाले नारीको स्वतन्त्रता धेरै कोणबाट बाधित हुन्छ -त्रिपाठी, २०६७, पृ. ६८)। त्यसैले नारी सत्ताको स्थापनाका लागि पितृसत्ताको केन्द्रलाई भत्काउनुपर्दछ। प्रस्तुत कथामा पितृसत्तालाई चुनौती दिइएको छ। तिब्बती समाजमा महिला र पुरुषको समान अधिकार रहेको,पितृसत्ताको समानान्तरतामा नारीसत्ताको स्थापना भएको, निर्णय र शक्तिको केन्द्रमा महिला र पुरुष दुवै रहेको, आपसी सहकार्य र समन्वयमा जीवन बिताउनुपर्ने लगायतका कुराहरूको उद्घोष प्रस्तुत कथात्मक कृतिमा गरिएको छ । चाहे योन्देनले याङ्ग्जीलाई प्रेम गरी श्रीमती बनाउने कुरा होस् अथवा याङ्ग्जीले योन्देनसँगको नाता सम्बन्ध विच्छेद गरेर अनङ्गलाई प्रेम गर्दै पतिवरण गर्ने कुरा होस् अथवा भविष्यमा तीनैजना फेरि नयाँ जीवन साथीका साथ जीवन बिताउने कुरा होस्; तीनै जनालाई त्यो निर्णय गर्ने अधिकार प्राप्त छ र यसै कुराको वर्णन कथामा गरिएको छ । यस्तो परिस्थिति र परिवेश हुँदाहुँदै पनि योन्देनले आदर्श र नैतिकताका माध्यमबाट अनङ्गप्रति आकर्षित भइसकेकी याङ्ग्जीलाई आफ्नो अधीनमै राख्न खोज्दाको अवस्थामा याङ्ग्जीले परपुरुषलाई जिस्क्याउँदै हिँड्ने र आफ्नो कसैले केही बिगार्न नसक्ने भन्दै पति योन्देनको नियन्त्रणलाई अस्वीकार गरिदिएकी छन् । उदाहरण स्वरूप हेरौँ - 'दुवैको प्रश्नोत्तरमा विभेद केही रहन्थ्यो भने यति मात्रै याङ्ग्जी चाहिँ सधैँको झैँ प्रसन्न, चपल, सहास नै रही प्रश्न गर्दै जान्थी तर योन्देनलाई भने हारेको, निर्बलियो, निरीह, विवश र मूक हायहायसम्यक् उत्तर दिनुपर्दथ्यो । त्यस क्रममा मानवान्तरलाई लगाउनुपर्ने तागतले गर्दा ऊ भित्रभित्रै अझै भाँचिन जान्थ्यो' (भिक्षु, २०३४, पृ. ६)। यस कथांशले पनि याङ्ग्जीलाई शक्तिशाली र योन्देनलाई कमजोर, निरीह र विवश बनाई याङ्ग्जीसित हारेको अवस्थामा पुऱ्याइदिएको छ। यस कथांशले समेत नारीसत्ताको सबलतम उपस्थिति कथामा भएको कुरालाई प्रस्ट पारेको छ ।

## सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था

समाजको संरचना, समाजको शैक्षिक स्तर, जनचेतना, समाजमा परम्परित रूपमा रहेका चलनचल्ती, संस्कार एवम् समाजमा बसोबास गर्ने मानिसहरूको आर्थिक अवस्था, रोजगारीको अवसर लगायतका कारणहरूले पनि नारी दमन वा उत्थानमा अहम् भूमिका खेल्दछन् । तिब्बती समाज लैङ्गिक विभेदको दायराभन्दा माथि उठेको, पुरुष र महिला दुवै समान भएको, सामाजिक, आर्थिक र सांस्कृतिक हैसियतमा दुवैको समान सहभागिता रहेको, शिक्षाको विकास भएकाले जनचेतनाको राम्रो अवस्था रहेको, महिलालाई कमजोर अवस्थामा पुऱ्याउने प्रचलन, रूढि र संस्कारहरू नरहेको, प्रेमविवाहको प्रचलन रहेको लगायतका कारणहरूले गर्दा तिब्बती समाज नारीवादी कोणबाट उत्तम रहेको निष्कर्ष निकाल्न सकिन्छ । शिक्षित युवतीकै रूपमा देखिएकी याङ्ग्जीले आफ्नो इच्छालाई ध्यानमा राखी प्रथमतः योन्देनलाई प्रेमी र पति बनाउँछिन्; छोरा पनि जन्माउँछिन् तर पछि उनको जीवन योन्देनसँग सजिलै ढङ्गले बित्न सक्दैन भन्ने अनुमान गर्दै अर्को युवा अनङ्गलाई आफूतर्फ आकर्षित गर्दछिन्;  पहिला प्रेमी र पछि पति बनाउन पुग्दछिन् । यस कुरालाई तिब्बती समाजले अत्यन्त सहजताका साथ स्वीकार गरेको छ। अर्कैसँग वैवाहिक जीवनमा

आबद्ध भइसकेकी याङ्ग्जीले मेला, हाट, बजार कुनै पनि ठाउँमा भेट हुँदा पूर्व पति योन्देनसँग हालखबर सोध्ने र छोराको बारेमा जानकारी लिने काम गर्थिन्, जसको वातावरण निर्माण गर्ने काम त्यहाँको सामाजिक र सांस्कृतिक आधारले गरिदिएको थियो । जस्तैः "असहनीय क्लेश त केमा थियो भने याङ्ग्जीमाथि रिसाउने, अग्निमय हुने वा साटो फेर्ने खालका कुनै पनि क्रोधानुभूतिसमेत ऊ लिन पाउन्नथ्यो । त्यस्ता साराका मुखमा त्यहाँका परिबन्दहरूले बुजो लाएकै थिए" (भिक्षु, २०३४, पृ. ६) । यस कथांशले तिब्बती समाजमा निर्मित संस्कार, संस्कृति, प्रचलनहरू नारीको विपक्षमा नभई नारीअनुकूलन भएको तथ्यलाई उजागर गरिदिएका छन् ।

## निष्कर्ष

अतृप्त कामवासनाले सामाजिक पारिवारिक जीवनयापनमा महत्त्वपूर्ण भूमिका खेल्ने कथ्य विषयलाई मुख्य आधार बनाई लेखिएको प्रस्तुत 'एउटा छर्लङ्ग प्रेमकथा' नारीवादी चिन्तनका दृष्टिले महत्त्वपूर्ण कृतिका रूपमा रहेको छ । प्रस्तुत कथाको कथानकनिर्माण र शीर्षकीकरणमा महिला पात्रकै बढी क्रियाशीलता र केन्द्रीयता देखिन्छ भने पुरुष पात्रहरू केवल सहयोगीको भूमिकामा मात्र सीमित रहेका छन् । तिब्बतीय परिवेशमा आधारित रहेको प्रस्तुत कथामा नारीपात्रको अत्यन्त सशक्त, निडर र निर्भीक ढङ्गले प्रतिनिधित्व गराइएको छ भने पुरुष पात्रहरूको प्रायः निरीह, कमजोर र महिलाको नियन्त्रणमा रहने अवस्थाको चित्रण गरिएको छ । यस कृतिकी नारीपात्र याङ्ग्जीमा प्रतिरोध चेत र उन्मुक्तिको चाहना विकसित भएरै उनले योन्देनलाई छोडी अर्को पात्र अनङ्गलाई पतिवरण गर्न पुगेकी छन् । उनी शक्तिशाली पात्रका रूपमा पनि देखिएकी छन् । आफूले आफ्नो जीवन आफ्नै ढङ्गले निर्वाह गर्ने मानसिकताबाट अभिप्रेरित नारीपात्र याङ्ग्जीले योन्देनको पुरुषीय सत्ताको आग्रहलाई अस्वीकार गरी प्रतिसत्ताका रूपमा नारीसत्ताको स्थापना गरिदिएकी छन् । प्रस्तुत कृतिमा नारीको सामाजिक, सांस्कृतिक र आर्थिक क्षेत्रमा पुरुष जत्तिकै अधिकार रहेको कुराको उल्लेख गरिएको छ । कृतिमा वर्णित घटनानुसार यी तीनवटै कोणबाट तिब्बती समाजमा नारीहरूलाई पुरुषसरह अधिकार प्राप्त भएको कुराको उद्घाटन कथामा गरिएको छ । तसर्थ प्रस्तुत कृतिका माध्यमबाट कथाकार भिक्षुले नारी पात्रलाई महत्त्वपूर्ण भूमिका प्रदान गरी नारीवादी स्वर अभिव्यक्त गरेका छन् ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, ज्ञानु (२०७०). 'समकालीन नेपाली नारी कथामा नारीवादी प्रवृत्ति'. *नेपाली नारीवादी समालोचना* (सम्पा. सुधा त्रिपाठी र सीता पन्थी). काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

अब्राम्स, एम.एच. (सन् १९९३). *ए ग्लोसरी अफ लिटरेरी टर्म्स.* मद्रासःमेकेमिलन इन्डिया लिमिटेड।

उप्रेती, सञ्जीव (२०६९). *सिद्धान्तका कुरा.* काठमाडौँः अक्षर क्रियसन्स नेपाल ।

एटम, नेत्र (२०७०). 'अनुराधा उपन्यासमा नारीवाद'. *नेपाली नारीवादी समालोचना* (सम्पा. सुधा त्रिपाठी र सीता पन्थी). काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, कृष्ण (२०५९). *आधुनिक आलोचनाः अनेक रूप अनेक पठन.* दो.संस्क. ललितपुरः साझा प्रकाशन ।

गौतम, कृष्ण (२०६४). *उत्तरआधुनिक जिज्ञासा.* काठमाडौँः भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, कृष्ण (२०७१). *उत्तरसिद्धान्तः अद्यतन चिन्तनका महान् पाश्चात्य प्रणेता.* काठमाडौँः भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

जैन, निर्मला (सन् २०००). *कथाप्रसंग यथाप्रसंग.* नयी दिल्लीः वाणी प्रकाशन।

ढकाल, रजनी (२०७०). 'योगमाया उपन्यासमा नारीवादी चेतना'.*नेपाली नारीवादी समालोचना* (सम्पा. सुधा त्रिपाठी र सीता पन्थी). काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, सुधा (२०६७). *नारीवादको कठघरामा नेपाली साहित्य.* ललितपुरः साझा प्रकाशन ।

पाण्डे, ज्ञानु (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* ललितपुरः साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुरः साझा प्रकाशन ।

पिल्कर, जान र वेलहल, इमेल्डा (सन् २००४). *फिफ्टी कि वर्डस् कन्सेप्टस् इन जेन्डर स्टडिज.* लन्डनः सेज पब्लिकेसन्स लिमिटेड ।

बराल, ऋषिराज (२०६४). *साहित्य र समाज.* ललितपुरः साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७३). *मार्क्सवाद र सबाल्टर्न अध्ययन.* ललितपुरः साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६६). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* ते.संस्क. ललितपुरः साझा प्रकाशन ।

भिक्षु, भवानी (२०३४). *अवान्तर.* ललितपुरः साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र (२०६१). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा र सबाल्टर्न.* काठमाडौँः डिस्कोर्स पब्लिकेसन ।